# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्वारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुस ७ गते, २०७९ साल (संख्या २८

# भाग २

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको
सूचना

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको रणनीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बालमैत्री स्थानीय शासन रणनीति, २०७९

# बालमैत्री स्थानीय शासन रणनीति, २०७९

प्रस्तावना :

सामाजिक विकासका लागी गरिने कुनै पनि प्रयासले सामाजिक न्याय सहितको शान्त , समृद्ध अनि सम्पन्न समाज निर्माणको लक्ष्य राख्दछ । राख्नु पर्दछ । यस लक्ष्य पुरा गर्नको लागी विकास प्रक्रियामा संलग्न सवै साझेदारहरुको सक्रिय सहभागिता अनिवार्य हुन्छ । साथै , विकासको प्रतिफलको उपयोगमा पनि सवै लक्षित समुहले समानुपातिक अवशर प्राप्त गर्नु नितान्त आवश्यक छ । वालमैत्री विकासका सन्दर्भमा पनि बालबालिकाको सवालसँग सम्वन्धित सवै पक्षको सक्रिय सहभागिताको मात्र बालबालिकाको चौतर्फी विकास हुन सक्दछ । यिनै मान्यता अनुरुप विगत केही दशक देखि वालविकासका लागी सरकारी , गैरसकारी, निजी , तथा अन्य सम्वन्धीत पक्षवाट कार्य हुदै आएको छ र क्रमिक रुपमा बालबालिकाको अवस्थामा सुधार हुदै आएको पनि छ । हाल सम्मको अनुभवले वालअधिकार अपेक्षित रुपमा सुनिश्चित हुनको लागी बालबालिका सम्वन्धी नीति तथा कार्यक्रम तर्जुमा गरि त्यसको पुर्ण रुपमा अधिकारको सुनिश्चितताका साथै उनिहरुको सम्पुर्ण विकासको लागी परिवार ,समुदाय , सामाजिक संघ संस्था र राज्य पनि वालमैत्री हुन आवश्यक छ ।

यिनै मान्यताहरुलाइ आत्मसाथ गर्दै गाउँपालिकावाट वालअधिकारमा आधारित योजना तर्जूमा  भइ समुदायमा वालधिकारलाइ सुनिश्चित गर्न वाच्छनिय भएकोले  नेपालको संविधान २०७२ स्थानीय सरकार संचालन ऐन २०७४ र गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमिति गर्ने ऐन २०७५ अनुसार ईन्द्रावती गाउँपालिकाको १४ औ गाउँ कार्यपालिकाले यो रणनीति वनाइ लागू गरेको छ ।

# परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो रणनीति को नाम "बाल मैत्री स्थानीय शासन रणनीति २०७९" रहेको छ ।

(ख) यो रणनीति  ईन्द्रवती गाउँपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस रणनीति मा :

(क)"गाउँपालिका तहको वालमैत्री स्थानीय शासन समिति" भन्नाले वाल अधिकारमा आधारित कार्यक्रम संचालन कार्यविधी २०७९ को दफा ५ वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय " भन्नाले संघिय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेशीय सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(ग)"अध्यक्ष" भन्नाले ईन्द्रावती गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ईन्द्रावती गाउँपालिकाको प्रशासनिक काम काज गर्न तोकिएको कर्मचारीलाइ जनाउछ ।

(ङ)"वालविबाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

(च) "विभाग " भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले ईन्द्रावती गाउँपालिका सम्झनुपर्दछ ।

(ज) कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(झ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका बालबालिका सम्झनु पर्छ

(ञ) “कोष” भन्नाले सवै बालबालिकाको वाल अधिकारको सम्मान , संरक्षण , संवद्धन गर्न कार्यक्रम संचालन गर्न यसै कार्यविधी द्वारा स्थापना हुने अक्षय कोष सम्झनु पर्छ ।

(ट) “वडा कार्यालय” भन्नाले गाउँपालिका वा गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनुपर्छ ।

(ठ) “शाखा” भन्नाले सामाजिक सुरक्षा हेर्ने शाखा सम्झनुपर्छ

(ड) “समिति” भन्नाले कार्यपालिकावाट गठीत सामाजिक विकास समिति सम्झनु पर्छ

(ढ) “संचालक समिति” भन्नाले दफा ७ वमोजिम गठित कोष व्यवस्थापन तथा संचालनक समिति सम्झनु पर्छ ।

(ण) “स्थानीय स्तर” भन्नाले ईन्द्रावती गाउँपालिका वा गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्छ

(त) “स्थानीय वाल अधिकार समिति भन्नाले प्रचलित कानुन वमोजिम स्थानीय स्तरमा वाल अधिकार सम्वद्धनको लागी गठीत समिति सम्झनुपर्छ ।

(थ)“स्थानीय शासन”भन्नाले स्वायत्त शासनको अवधारणा अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय निकायका प्रतिनिधि मार्फत् संचालन गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(द) “बालमैत्री शासन” भन्नाले विनाभेदभाव (गैर विभेदीकरण), बालबालिकाको सर्बोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भै बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनुपर्दछ ।

(ध) “बालमैत्री स्थानीय शासन” भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा केन्द्रीय जिम्मेवारीलाई स्थानीयस्तरमा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(ध) "बाल क्लव" भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च तथा बाल संजाल समेत सम्झनुपर्दछ ।

## परिच्छेद २

### ३. रणनीति को उद्देश्यः

१. आवधिक,त्रैवार्षिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालबालिका सम्वन्धी कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बालबालिकाको तथ्यांक संकलन र विष्लेषण गर्ने ।

३. बालबालिकाको अधिकार संरक्षणका लागी अपनाउनु पर्ने उपायहरुको सुझाव संकलन गर्ने ।

४. बालवालिका विरुद्धमा हुने सवै प्रकारका भेदभावको अन्त्यको लागी कार्यक्रम तर्जूमा गर्ने ।

५. बाल अधिकारलाइ निरुत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यता का विरुद्ध सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

६. अपांगता अनाथ द्धन्द्ध पिडित हिंसा पिडित भएका बालबालिकाहरु लक्षित सकारात्मक विभेदका रुपमा थप कार्यक्रम संचालन गर्ने ।

७. वाल अधिकारका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

८. वाल अधिकारमा आधारित सहभागितामुलक योजना तर्जुमा प्रक्रियालाइ व्यवस्थित सरल सहज व्यवस्थित रुपमा संचालन गर्ने ।

९. बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस कार्यविधीको उद्देश्य रहेको छ ।

## परिच्छेद - ३

४. **कार्यक्रम संचालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका लागी बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

२. बालविवाह, वाल श्रम, वाल हिंसा,दुव्यवहार विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालबालिकाहरुको बालकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि जनप्रतिनिधि ,शिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

३. बालबालिकाका विरुद्धमा हुने सवै क्रियाकलापका विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी वालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

६. स्थानीय निकाय तथा केन्द्रीय निकायहरुबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा संचालन हुने बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।

७. बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।

८ स्थानीय निकाय र सेवा प्रवाह सम्बन्धी संस्थाहरुलाई जवाफदेही र उत्तरदायी बनाउने

९ बालअधिकार प्रति बयस्कहरुको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।

१०. गाउँपालिका, विषयगत समिति, विषयगत शाखा, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।

११.बालबालिकाहरु माथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गर्ने ।

## परिच्छेद - ४

**(५)बालमैत्री स्थानीय शासनको पद्धति :** १) गाउँपालिकालाइ वालमैत्री स्थानीय शासन सहितको गाउँपालिका निर्माण गर्नको लागी वालमैत्री स्थानीय शासनको पद्धति अवलम्वन गरिनेछ ।

(क) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।

(ख) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि विद्यालय , वडा र गाउँपालिका स्तरिय  समितिको गठन ।

(ग) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।

(घ) ईन्द्रवतीगाउँपालिका बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध

(ङ) निश्चित सूचक/मापदण्डका आधारमा गाउपालिकाको वडाको छनौट ।

(च.) बालबालिकाको वस्तुगत विवरण तयारी ।

(छ) बालकोष (Child Fund) को स्थापना ।

(ज) बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।

(झ) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।

(ञ) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।

(ट) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन ।

(ठ) बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

(ड) अनुगमन, समीक्षा र मूल्याङ्कन ।

(ढ) गाउँपालिकाले गाउँ सभावाट  कुल पूंजीगत बजेटको कम्तिमा १२ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको सभाको निर्णय  ।

(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।

(१६) बालमैत्री विद्यालय ,वडा र गाउपालिकाको घोषणा र यसको निरन्तरता ।

**६) वालमैत्री स्थानीय शासन गाउँ समिति :** (१) गाउँपालिकामा बालबालिकाको सहभागिताालाइ प्रवद्धन गर्न तथा बालबालिकाकै प्रतिनिधित्व सुनिश्चित गर्न गाउँपालिका स्तरमा गठन भएका विभिन्न औपचारिक तथा अनौपचारीक संयन्त्रहरुलाइ परिचालन ,रेखदेख र संचालन गर्न गाउँपालिका स्तरिय स्थानीय शासन समिति गठन गरिने छ ।

**७. स्थानीय बाल अधिकार समिति सम्वन्धि व्यवस्था** :

१) गाउँपालिका तहमा उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक गाउँपालिका स्तरीय गाउँ बालअधिकार समिति गठन गरिनेछ : यसमा प्रदेश बालबालिका सम्वन्धी ऐन २०७६ को दफा ४६ मा उल्लेख भए अनुसार समिति वन्ने छ

- उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना संयोजक
- अध्यक्ष वडास्तरीय समितिबाट प्रतिनिधित्व गर्ने वडा सदस्यहरु ४ जना सदस्य
- गाउँपालिका भित्रको माध्यमिक विद्यालयको ब्यबस्थापन समिति अध्यक्ष १ जना सदस्य
- गाउँपालिका स्तरीय बाल सञ्जाल प्रतिनिधि (२ बालिका र २ बालक) ४ जना सदस्य? गाउँपालिकाको स्वास्थ्य केन्द्रका प्रतिनिधि १ जना सदस्य
- गाउँपालिका भित्र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधी १ जना सदस्य
- गाउँपालिका भित्रको प्रहरी कार्यालयका प्रतिनिधि १ जना सदस्य
- गाउँपालिका भित्र कार्यरत पत्रकार महासंघका प्रतिनिधि १ जना सदस्य बाल कल्याण अधिकारी वा सो कार्य गर्न तोकिएको कर्मचारी १ जना सदस्य सचिव

(२) समितिले आवश्यता अनुसार सम्वन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछ

(३) समितिका सदस्यको कार्यअवधि ३ वर्षको हुनेछ ।

(४) समितिको बैठक हरेक  महिनामा एक पटक बस्ने छ ।

(५) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नेछ ।

(६) समन्वय समितिको बैठक सम्बन्धि अन्य रणनीति  समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**ख) बालअधिकार समितिका सदस्यहरुका लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछ :**

- २५ बर्ष पुरा भएको
- ईन्द्रवतीगाउँपालिका भित्र स्थायी बसोबास वा कार्यरत रहेको कम्तिमा एसएलसी वा सो सरह उत्तिर्ण भएको ।
- नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय नपाएको माथी जे सुकै लेखिएको भए पनि वडा सदस्य, विद्यालय ब्यबस्थापन समिति अध्यक्ष, संघसंस्थाका प्रतिनिधी, अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र तथा शैक्षिक योग्यता को आधारमा सदस्य हुन अयोग्य मानीने छैन ।

**८) वालमैत्री स्थानीय शासन समितिको काम कर्तत्य र अधिकारः** १) गाउँपालिका वाल मैत्री स्थानीय शासन समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछन ।

क) वालमैत्री स्थानीय शासन सम्वन्धी नीति निर्देशिका कार्यविधी तयार गर्ने र यस पद्धतिको प्रवद्धन गर्न गाउँपालिकालाइ नीतिगत पृष्ठपोषण गर्ने ,

ख) वालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्धन गर्न गाउँपालिकामा समन्वयकारी भुमिका निर्वाह गर्ने ,

ग) बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवम राष्ट्रिय , सरकारी निकाय एवम् गैरसरकारी संघसंस्थावीच आवश्यक समन्वय गर्ने गराउने

(घ) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

(च) विद्यमान नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय निकायहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने ।

(छ) बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने

(ज) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको लेखाजोखा र अनुगमन गर्ने ।

(झ) बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने ।

(ञ) बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, विनियम, निर्देशिका, रणनीति तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने ।

(ट) स्थानीय निकायहरुको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन रणनीति मा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समावेश गरी स्थानीय निकायको कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

(ठ) अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, विद्यालय ,वडा समिति, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

(ड) गाउपालिकाले गाउँपालिकालाइ वालमैत्री विद्यालय , वालमैत्री वडा ,घोषणा गर्न अनुसूची (२) वमोजिमको सुचक वनाउनेछ ।

९) **<u>समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य अधिकार : १)</u>** समन्वय समितिका पदाधिकारी तथा सदस्यहरु काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:

**(क) अध्यक्षको काम कर्तव्य र अधिकार :**

(१) समन्वय समितिको नेतृत्व गर्ने

(२) समन्वय समितिको बैठकको अध्यक्षता गर्ने र बठैकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने

(३) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठक निर्णय प्रमाणित गर्ने, बैठक निर्णय कार्यन्वयन गर्ने, गराउने,

(६) गाउँकार्यपालिका सँग सर्म्पक, समन्वय गर्ने

(७) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(८) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(९) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,

(१०)समन्वय समितिको कामको अनुगमन तथा मुल्यांकन र पृष्ठपोषण प्रदान गर्ने, गराउने,

(११) समन्वय समितिले निर्णयहरु गर्ने, गराउने

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) अध्यक्षको अनुपस्थितमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने / गराउने,

(३) समन्वय समितिको कार्यहरुको अनुगमन गर्ने/ गराउने,

(४)  समन्वय समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने, गराउने,

(५) समन्वय समितिको सम्पूर्ण आर्थिक कारोवारको कार्य गर्ने, गराउने ।

(६) समन्वय समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने, गराउने,

(७) समन्वय समितिको सम्पूर्ण आर्थिकको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।

(८) समन्वय समितिको कोष सञ्चालन गर्ने ।

(९) समन्वय समितिको नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने

(१०) कानून बमोजिम आर्थिक कारोवारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

(११) गाउँपालिकाले तोकेको लेखापरिक्षक द्धारा लेखा परिक्षण गराउने र प्राप्त भएका बेरुजु फछ्र्यौट गर्ने ।

**(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष तथा  समन्वय समितिलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी हुने ।

(३) समन्वय समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

**१०) वडा स्तरिय वालमैत्री स्थानीय शासन समितिको गठन संचालन सम्वन्धी व्यवस्था**

क) वडा तहमा सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा निम्न सदस्य रहेको एक वडा बाल अधिकार समिति गठन गरिनेछ ।

क) सम्बन्धित वडाको वडाध्यक्ष १ जना अध्यक्ष वडास्तरीय समितिबाट प्रतिनिधित्व गर्ने वडा सदस्य १ जना सदस्य

ख) वडा स्तरमा रहेका विद्यालय विद्यालयको ब्यबस्थापन समिति अध्यक्ष १ जना सदस्य

ग) वडास्तरीय बाल सञ्जाल प्रतिनिधी (एक बालिका र एक बालक) २ जना सदस्य

घ) वडाभित्रको स्वास्थ्य केन्द्रका प्रतिनिधी १ जना सदस्य

ङ) वडाक्षेत्र भित्र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधी १ जना सदस्य

च) वडाभित्रको प्रहरी कार्यालयका प्रतिनिधि १ जना सदस्य

छ) वडा कार्यालका सचिव वा सो कार्य गर्न तोकिएको कर्मचारी १ जना सदस्य सचिव

**११)वडा स्तरिय वाल मैत्री स्थानीय शासन समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछन ।**

(क) वालमैत्री स्थानीय शासन सम्वन्धी नीति निर्देशिका कार्यविधी तयार गर्ने र यस पद्धतिको प्रवद्धन गर्न गाउँपालिकालाइ नीतिगत पृष्ठपोषण गर्ने ,

(ख) वालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्धन गर्न गाउँपालिका सँग समन्वयकारी भुमिका निर्वाह गर्ने

(ग) बालबालिकाको क्षेत्रमा वडामा कार्यरत अन्तर्राष्टिय एवम राष्टिय , सरकारी निकाय एवम् गैरसरकारी संघसंस्थावीच आवश्यक समन्वय गर्ने गराउने एवं

(घ) वालमैत्री स्थानीय शासन सम्वन्धी कार्यको अनुगमन र मुल्यांकन गर्ने गराउने ।

(ङ) बालबालिका सम्वन्धी वडा स्तरिय योजना छनौट गरि गाउँपालिकामा पेश गर्ने ।

### १२. बालमैत्री गाउँपालिका घोषणा

गाउँपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गरि गाउँपालिकाले आफ्नो क्षेत्र लाई बालमैत्री गाउँपालिका भनी घोषणा (CFLG Declaration) गर्न सक्नेछन् । यस्तो घोषणा गर्नुपूर्व गाउँपालिकाले गाउ सभाले अनुसूची २ मा आधारित भै निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत सूचक हासिल गरेको हुनुपर्नेछ । यस्तो सूचक निर्धारण गर्दा गाउँपालिकाले आवधिक वा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल शोषण तथा एच् आई भि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ । यसका अलावा स्थानीय अवस्थामा आधारित भै वालविवाह, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरुको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा गाउँपालिकाकाले अनुगमन गर्ने व्यवस्था मिलाउनेछन् ।वाल मैत्री स्थानीय शासन कार्यक्रमलाई गाउँपालिका स्तर र वडा स्तरमा सहजीकरण र संचालन गर्न सहायक पाँचौं स्तरका १ जना वालविकास सहजकर्ता र वडा स्तरमा वडास्तरिय सहायक सहजकर्ता दैनिक ज्यालादारीमा नियुक्ती गरि कार्यक्रम संचालन गरिनेछ । उल्लेखित कर्मचारीहरुले अनुगमन सूचक तयार गर्ने सुचकका आधारमा अनुगमन गरिने अनुगमन गर्दा निर्धारित सुचकहरु प्राप्त भएको प्रमाणित भएमा त्यस्ता वडा बालमैत्री वडा घोषणा गर्न सकिने छ । यसरी सवै वडा बालमैत्री वडा हुन जाँदा समग्र गाउँपालिका वालमैत्री स्थानीय शासन सहितको हुनेछ ।

## परिच्छेद - ५

### १३. वाल क्लव गठन सम्वन्धी व्यवस्था :

(१) गाउँपालिका ,गाउँपालिकामा रहेका वडाहरु र निम्न माध्यामिक विद्यालय र माध्यामिक विद्यालयहरुमा १० वर्ष देखि १८ वर्ष उमेर समुहका बालबालिका मध्येवाट ५ देखि ११ सदस्यीय वालक्लवहरु गठन गर्न सकिनेछ ।

२) उपदफा (१) वमोजिम गठन हुने वाल क्लवमा देहायका सदस्यहरु भएको एक गाउँपालिका स्तरिय वाल क्लव रहनेछ।

क) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेका बालबालिका मध्येवाट एक जना बालबालिका अध्यक्ष

(ख) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येवाट वाल क्लवहरुले छनौट गरेका बालबालिका मध्येवाट एक जना बालबालिका उपाध्यक्ष

ग) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेको बालबालिका मध्येवाट एक जना बालबालिका सचिव

(घ) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येवाट वाल क्लवहरुले छनौट गरेका बालबालिका मध्येवाट एक जना बालबालिका उपसचिव

ङ) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेका बालबालिका मध्येवाट एक जना बालबालिका कोषाध्यक्ष

च) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेको दलित बालबालिका मध्येवाट एक जना बालबालिका सदस्य

छ) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेको अपांगता भएका बालबालिका मध्येवाट एक जना बालबालिका सदस्य

ज)गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येजाट वाल क्लवहरुले छनौट गरेको लोपोन्मुख समुदाय भित्रका बालबालिका बालबालिका मध्येवाट एक (१) जना बालबालिका - सदस्य

झ) गाउँपालिका भित्र गठन भएका वालक्लवहरु मध्येवाट वाल क्लवले छनौट गरेको टुहुरा - आमा वा वावु दुवै नभएका वा आमा वा वावु मध्ये कुनै एक (१) जना नभएका बालबालिका मध्येवाट १ जना सदस्य

(३) वडा स्तरिय र विद्यालय स्तरियमा गठन हुने वाल क्लवहरुको संरचना उपदफा (२) वमोजिम गठन भएको वाल क्लवको संरचना अनुरुप नै हुनेछ ।

४) विद्यालय स्तरिय वाल क्लवको गठन हुदा विद्यालयमा दर्ता भएका बालबालिका मध्ये ७५ प्रतिशत बालबालिकाको आम भेलावाट सर्व सहमतिका आधारमा गठन गर्नुपर्नेछ ।

५) वडा स्तरिय वाल क्वलको गठन गर्दा वडामा रहेका विद्यालयहरुमा गठन भएका वाल क्लवहरुको आम भेलावाट वडा स्तरिय वाल क्लव गठन हुनेछ ।

६) गाउँपालिका स्तरिय वाल क्लवको गठन गर्दा गाउँपालिकाका वडाहरुमा गठन भएका वाल क्लवहरुको आम भेलावाट सर्व सहमतिका आधारमा गाउँपालिका स्तरिय वालक्लव गठन हुनेछ

७) कुनै कारणले वाल क्लवको कुनै पद रिक्त हुन गएमा वडा स्तरिय वाल क्लवको आम भेलाले छनौट गरेका बालबालिका वाल वालिका उक्त पदमा वहाल रहनेछन ।यसरी छनौट भएका बालबालिकाको पदावधी सुरु देखि नै गणना हुनेछ ।

८) उल्लेखित वालक्लवमा कुल सदस्य मध्ये ५० प्रतिशत छात्रा र अध्यक्ष सचिव कोषधाध्यक्ष सह सचिवको पदका ५० प्रतिशत छात्रा रहनु पर्नेछ ।

८) वालक्लवको सदस्यहरुको पदावधी ३ वर्षको हुनेछ ।

९) विद्यालयहरुमा संचाालन गरिने क्रियाकलापहरु बालबालिकाको प्रत्यक्ष रेखदेख नियन्त्रण र संचालन गरिनेछ ।

**१४. वालक्लवको काम कर्तव्य अधिकार :** १) गाउँपालिकामा गठन हुने वालक्लवहरुको काम कर्तव्य अधिकार देहाय वमोजिम सहित अनुसूची (३)वमोजिम हुनेछन ।

**क) वाल वचावटका क्रियाकलाप :** शिशुहरुले खोप तथा स्वास्थ्य सेवा नपाएको अवस्था भए पोषण र स्वास्थ्य सवन्धी जानकारी तथा

बालबालिकाको निम्ति आमाको दुध लगायत पोसिलो खानावारे अभिभावकलाइ जानकारी गराउने ।

बालबालिकाको उपयुक्त हेरचार स्याहार संभार मौसमअनुसारको लत्ताकपडा र वासको अवस्था का वारेमा ,

त्यस्ता विषयमा वालक्लवले सम्वन्धीत विषयमा घरदैलो गर्ने ,तथ्यांक संकलन गर्ने असर र प्रभावको वारेमा छलफल गर्ने सडक नाटक गीत रयाली नृत्य प्रर्दशन वालभित्ते पत्रिकामा सम्वन्धीत विषयको प्रकाशन जस्ता विविध विषयमा चेतना मुलक क्रियाकलापहरु गरि बालबालिकाका वावु आमा संरक्षक अभिभावक र सम्वन्धीत सरोकारवालाको ध्यान आकृष्ट गराइ अवस्थामा सुधार ल्याउने क्रियाकलापहरु गरि बालबालिकाका वावु आमा संरक्षक अभिभावक र सम्वन्धीत सरोकारवालाको ध्यान आकृष्ट गराइ अवस्थामा सुधार गर्न सक्नेछन ।

**ख) वाल संरक्षण क्रियाकलाप :** घर दैलो गर्ने , बालबालिका सँग प्रत्यक्ष भेटघाट गर्ने तथ्यांक संकलन गर्ने अशर प्रभावको वारेमा छलफल गर्ने , पिडामा परेका भए परामर्शका लागी सम्वन्धीत निकायमा समन्वय गर्ने पिडित बालबालिकाको तर्फवाट प्रहरी प्रशासन र अदालतमा उजुरी गर्ने , यस्ता बालबालिकालाइ वालक्लवमा आवद्ध गराउने , गाउँ वाल संरक्षण समितिलाइ जानकारी दिने सडक नाटक गीत रयाली नृत्य पर्दशन वाल भित्ते पत्रिकामा सम्वन्धीत विषयमा प्रकाशन जस्ता विविध चेतनामुलक कार्यक्रम गरेर बालबालिकाका आमा वुवा संरक्षक अभिभावक,र सम्वन्धीत सरोकारवालाहरुको ध्यान आकृष्ट गराइ अवस्थामा सुधार ल्याउने

**ग) वालविकासका क्रियाकलाप** : समुदायका दलित मुस्लिम अन्य पिछडा वर्ग विपन्न वर्ग वालिका श्रमिक अपांग लगायत समुदायका अन्य बालबालिकाहरुको अधिकार प्राप्तिका लागी वालक्लवले सम्वन्धित विषयमा घरदैलो गर्ने तथ्यांक संकलन गर्ने असर प्रभावहरुको वारेमा छलफलगर्ने सडक नाटक गर्ने , गीत रयाली , नृत्य प्रर्दशन , वाल भित्ते पत्रीका सम्वन्धीत विषयमा प्रकाशन जस्ता विवीध चेतना मुलक क्रियाकलापहरु गरी बालबालिकाको आमाबुवा संरुक्षक अभिभावक र सम्वन्धीत सरोकारवालाहरुका ध्यान सम्वन्धीत विषयमा आकृष्ट गराउने साथै विद्यालय वाहीर रहेका बालबालिकाहरुलाइ विद्यालय भर्ना गराउन सहयोग गराउने , स्टेशनरी सामाग्री तथा पोशाक नभएका साथीहरुलाइ सो कुराको

खोजी गरी सहयोग गर्ने , संघ संस्थाहरु संग समन्वय गरि वितरणको व्यवस्था मिलाउने , भर्ना गरेका साथी हरु विद्यालय गए नगएको अनुगमन गरि नगएको भए कारण पत्ता लगाएर विद्यालय ल्याउन सहयोग गरी सवै स्थानमा वाल विकासको अधिकार प्राप्तिमा सहयोग गर्न सक्छन । यस्ता विषयहरुमा वालक्लवले घरदैलो गर्ने बालबालिका संग प्रत्यक्ष भेटघाट गर्ने , तथ्यांक संकलन गर्ने , असर प्रभावहरुको वारेमा छलफल गर्ने पिडामा परेको भए परामर्शका लागी सम्वन्धीत निकायमा समन्वय गर्ने ,पिडित बालबालिकाको तर्फवाट प्रहरी प्रशासन र अदालतमा उजुरी गर्ने त्यस्ता किसिमका बालबालिकालाई वालक्लवमा आवद्ध गराउने , वालसंरक्षण समितिलाइ जानकारी दिने , सडक नाटक गीत , रयाली , नृत्य प्रर्दशन वाल भित्ते पत्रिकामा सम्वन्धीत विषयमा प्रकाशन जस्ता विविध चेतना मुलक कार्यक्रम गरेर बालबालिकाका आमा वुवा , संरक्षक ,अभिभावक र सम्वन्धीत सरोकारवालाहरुको ध्यान आकृष्ट गराइ अवस्थामा सुधार ल्याउन सक्छन ।

**घ) वाल सहभागिताका क्रियाकलाप :** माथि उल्लेख गरिएका मुद्धाहरुमा सचेतना अभिवृद्धी गर्न तथा सकारात्मक परिवर्तन ल्याउन वाल क्लवहरु खोली सोका मार्फत विभिन्न रचनात्मक क्रियाकलापहरुमा सहभागि हुने, वालक्लव हरुमा अर्थ पुर्ण वाल सहभागिताको अभ्यास गराउन सवै वर्ग लिग अपांगता भएका जात, जाती, भाषिका ,बालबालिकाहरुको समुचित प्र्तिनिधित्व गराउने व्यवस्था मिलाउने साथै विभिन्न कार्यक्रमहरु मार्फत अर्थपुर्ण वाल सहभागिताको अभ्यास गर्ने गराउने वाल भित्ते पत्रिका प्र्काशन गर्ने गराउने साथै वाल क्लवलाइ वाल वालिकाको स्वतन्त्र संस्थाको रुपमा विकास गर्दै लैजाने स्यावासी र हौसला पाउनेवातावरणको श्रृजना गर्न सक्दछन ।समग्मा भन्नु पर्दा वाल सहभागिताको अर्थ पुर्ण अभ्यासले माथि उल्लेखित वाल वचावट वाल विकास र वाल संरक्षणको अधिकार प्राप्तीमा वाल क्लवहरु मार्फत सहयोग पुरयाउन सक्दछन ।

## परिच्छेद -६

**१५. बालबालिकाको कोषको स्थापना तथा संचालन :** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रका बालबालिकाको सवलीकरण , सशक्तिकरण ,मुलप्रवाहीकरण र योजना प्रणालीमा प्रभावकारी सहभागिता , मानव अधिकारको संरक्षण, प्रवद्धन र परिचालनका लागी सरकारी तथा गैर सरकारी निकायले कार्यक्रम संचालन प्रवद्धन गर्न वा कोषको मुल धनमा योगदान गर्ने गरि रकम दाखिला गर्नको लागी एक कोषको स्थापना गर्नेछ ।

२) कोषमा रकम जम्मा हुने रकमहरु : उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको बार्षिक बजेटको रुपमा गाउँ सभावाट उपलब्ध हुने रकम,

(ख) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,

(घ) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) प्रकाशन विक्रीबाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अक्षय कोषको रकमको व्याजवाट प्राप्त रकम

(ज) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) वालमैत्री स्थानीय शासन समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४)समितिको बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको कर्मचारीको संयुक्त दस्तखत बाट गरिनेछ ।

(५)वालमैत्री स्थानीय शासन समितिको आर्थिक बर्ष गाउँपालिको आर्थिक बर्ष सरह हुनेछ

(६)गाउँपालिका क्षेत्रमा गठन भएका वाल क्लवको निर्णय वेगर कुनै रकम खर्च गरिने छैन उक्त रकम गाउँपालिका क्षेत्रमा रहेका बालबालिकाको अधिकार क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ ।

**(१६)अक्षय कोष खडा गर्ने :** (१) वालमैत्री स्थानीय शासन प्रणालीको सफल कार्यान्वयनको लागी र बालबालिकाको हित प्रवद्धनको लागी देहाय वमोजिमको एक अक्षय कोष खडा गरिनेछ

(२) दफा (१५) को उपदफा (२) वमोजिम कोषमा जम्मा भएको रकम मध्ये अक्षय कोषका लागी पच्चीस प्रतिशत रकम अक्षय कोषको रुपमा राख्नु पर्नेछ ।

३) अक्षय कोषको रकम नेपाल राष्ट वैकवाट तोकिएको वैकमा मुद्धती खाता खोली रकम जम्मा गरिनेछ ।

४) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

५) उपदफा (१) वमोजिमको रकमको व्याज वापत प्राप्त हुने रकम मध्ये वाहेक अक्षय कोषको रुपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्न पाइने छैन ।

**१७) कोषको रकम खर्च गर्न नपाइने :** दफा १५ को उपदफा २ वमोजिमको कोषमा जम्मा भएको रकम वालअधिकारको क्षेत्रवाहेकर तपशिलका कार्यमा खर्च गर्न पाइने छैन ।

क) तालिम गाष्ठि भ्रमण वा सो प्रकृतिको अन्य कार्य ।

ख) मसलन्द, छपाइ, पत्रपत्रीका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य

**१८) खर्च व्यवस्थापन :** कोषको रकम देहाय वमोजिमको कार्यक्रमहरुमा खर्च गर्न सकिनेछ ।

क) लक्षित बालबालिकाहरुका क्लवलाइ कार्यक्रम संचालन गर्न दिइने नगद अनुदान

ख) बालबालिकालाइ निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान ,

ग) बालबालिकालाइ आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिइने विशेष अनुदान,

घ) कुनै दाताले कुनै बालबालिकाका लागी तोकेर दिएको शसर्त अनुदान , बालसंरक्षण कोषको रकम देहायका अवस्थामा स्थानीय बालअधिकार समितिको निर्णयबाट खर्च गर्न सकिनेछ ।

ड)हिंसापिडित बालबालिकालाई अधिकतम रु. १० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि ,

च) हिंसापिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजार सम्म ।

छ) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ती, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण बापत अधिकतम प्रति बालबालिका रु.५ हजार सम्म ।

ज) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रमहरुमा खर्च गर्न पाइनेछैन ।

**१९). खर्च र लेखापरीक्षणः**

बलबालिकाको समग्र पक्षको विकासको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति गाउँकार्यपालिका पठाउनुपर्नेछ ।

**२०). प्रतिवेदन पेश गर्नुपर्ने :**

वालवालिकाको क्षेत्रमा गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी गाउँपालिकाले तयार गरी गाउँकार्यपालिका र सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

**२१) गुनासो दर्ता गर्न सक्ने : १)** अनुदानको लागी छनौट भएका बालबालिकाले कार्यक्रम वजेट र योजना वितरण वा अन्य प्रकृया उपर चित्त नवुझेमा निर्णय भएको मितिले ३५ दिन भित्र कार्यपालिकाको सामाजिक सुरक्षा शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

२) उपदफा (१) वमोजिम कुनै गुनासो प्राप्त भएमा सामाजिक विकास शाखाले सो उपर आवश्यक जाँचवुझ गरि निर्णयको लागी समितिको वैठकमा पेश गर्नु पर्नेछ ।

**२२) अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :** कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ

# अनुसूची - १

वालमैत्री कार्यक्रमका लागी गाउँपालिकाका भित्रका विद्यालय वडा छनौटका आधारहरु

दफा १२ सँग सम्वन्धित

१) कार्यक्रम कार्यान्वयन गर्ने इच्छा शक्ति र प्रतिवद्धता जनाएको

२) विद्यालय , वडा कार्यालय संघ संस्था , नागरिक समाजको चाहना प्रतिवद्धता साथै कार्यन्वयनमा सक्रिय सहभागिता

३) वाल अधिकारको संरक्षण र सम्वद्धनका लागी वालवक्लव साथै तिनको संञ्जाल क्रियाशिल भएको

४) वाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमवाट स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको

५) गरिवी सुचकांक र विपन्न नक्सांकनमा पछि परेको गाउँपालिकाको वडा , विद्यालय भौगोलिक रुपमा विकट भएको

६) आदिवाशी जनजाती , दलित  मधेसी तथा विपन्न वर्गका जनताको वाहुल्यता भएको

७) वालमैत्री स्थानीय शासन राष्टिय रणनीति कार्यान्यन गर्न आवश्यक मानवीय संसाधनको उपलव्धत

# अनुसूची - २

## बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी न्यूनतम सूचकहरु

(दफा १४ संग सम्बन्धित)

१ बाल बचाउ

| क्र.स. | सूचकहरु | प्राप्त गर्नुपर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पूर्व चारपटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य परीक्षण गरेको हुनेछन् । | ९५ |
| २ | गर्भवती महिलाले टिटानस बिरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की ( जम्मा २२५वटा) खाएका हुनेछन् । | ९५ |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |
| ५ | ६ महिनासम्मका शिशुलाई आमाले अनिबार्य रुपमा स्तनपान गराएका हुनेछन् । | ८० |
| ६ | ६ महिनादेखि ५ वर्ष मूनीका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनेछ । | १०० |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेको सबै र पूर्ण खोपप्राप्त गरि पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |
| ८ | एचआइभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyailxis पाएका हुनेछन् । | १०० |
| ९ | सबै घर परिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १० | कम तौल भएका पुड्का, र ख्याउटे हुने पाँचवर्ष मुनीका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । | ८० |

| | | |
|---|---|---|
| ११ | अति कम कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० |
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानी सुबिधा भएको हुनेछ । | १०० |
| १३ | चर्पी गएपछि , बालबालिकाको दिशा धोएपछि र खाना खानु खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० |
| १४ | प्रत्येक घर परिवारले शौचालय प्रयोग भएको तथा खुला दिशा मुक्त भएको घोषणा भएको हुनेछ । | १०० |

२ बाल संरक्षण

| क.स. | सूचकहरु | प्राप्त गर्नुपर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| १५ | ५ वर्ष भन्दा मुनीका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १०० |
| १६ | निकृष्ट प्रकारको बाल श्रमको अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १०० |
| १७ | स्थानीय तह बाल बिबाहमुक्त भएको हुनेछ । | १०० |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान, ( बिद्यालय, सामाजिक चाडपर्ब, मेला) मा बालबालिका बिरुद्ध हुने हिंसा बेचबिखन शोषण जस्ता दुर्व्यबहारमा कमी आएको हुनेछ । | ८० |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणली स्थापित भइ सञ्चालनमा ल्याइएको हुनेछ । | १०० |
| २० | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको छुनेछ । | ९५ |
| २१ | स्थानीय तह, समुदायले १४ वर्ष मुनीका असहाय बालबालिका(भएमा) को संरक्षण गर्न बिशेष व्यवस्था गरेको हुनेछ । | १०० |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ । यदि भएका बालगृहमा राखी | १०० |

| | | |
|---|---|---|
| | ब्यवस्थापन भएको हुनेछ । | |
| २३ | स्थानीय तहमा रहेका बिद्यालयहरुले बालबालिकाहरुलाई शारीरिक तथा मानसिक यातना दिएका हुने छैनन । | १०० |
| २४ | कुलतमा लागेका बालबालिकाहरुको लागि बाल सुधार गृहमा राख्ने ब्यवस्था मिलाइएको हुनेछ । | १०० |

३ बाल बिकास

| क.स. | सूचकहरु | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउ दर सत प्रतिशत रहेको हुनेछ । फरक क्षमता भएका बालबालिको हकमा बिशेष ब्यवस्था भएको हुनेछ । | १०० |
| २६ | ५ देखि १४ वर्ष उमेरका सत प्रतिशत बालबालिकाले आधारभुत शिक्षा (१–८ कक्षा) पुरा गरेका हुनेछन् । | १०० |
| २७ | प्रत्येक बिद्यालयमा खानेपानीको सुबिधा सहितको छात्र छात्राको लागि अलग अलग शौचालयको ब्यवस्था भै प्रयोगमा आएको हुनेछ । | १०० |
| २८ | सबै बिद्यालयका पूर्वाधार ( कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाँगमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |
| २९ | प्रत्येक बिद्यालयमा अतिरिक्त कृयाकलाप संवन्धि कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |
| ३० | सबै बिद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिसर्जन गरेका हुनेछन् । | १०० |

४ बाल सहभागीता

| क.स. | सूचकहरु | प्राप्त गर्नुपर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| ३१ | स्थानीय तहमा समाबेशी आधारमा बाल सञ्जाल गठन भै क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) भएको हुनेछ । | ९५ |
| ३२ | स्थानीय तहमा बस्ती वा टोल र विद्यालयहरुमा समाबेशी आधारमा बाल क्लब गठन भै क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) भएको हुनेछ । | ९५ |
| ३३ | ५ कक्षा भन्दा माथी अध्ययन अध्यापन हुने विद्यालयका ब्यवस्थापन समितिहरुमा बाल क्लब तथा सञ्जालको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब तथा सञ्जालको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका संवन्धि सरोकारका संरचना तथा समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागीता सनिश्चित भएको हुनेछ । | ९० |
| ३६ | बाल भेलाबाट माँग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएको हुनेछ । | १०० |

५ संस्थागत विकास

| क.स. | सूचकहरु | प्राप्त गर्नुपर्ने न्यूनतम प्रतिशत |
|---|---|---|
| ३७ | वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियशिल रहेका हुनेछन् । | १०० |

| | | |
|---|---|---|
| ३८ | स्थानीय तहले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरि कार्यान्वयनमा ल्याएका हुनेछन् । | १०० |
| ३९ | गाउँपालिका/नगरपालिका तहमा कम्तिमा एउटा बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४० | बालबालिकाको बस्तुगत प्रोफायल को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | १०० |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरि बालभेलाले प्राथमिकता तोकेका विषयलाइ स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समाबेश गरिएको हुनेछ । | १०० |
| ४२ | स्थानीय तहमा बालबालिका संवन्धि स्थिती पत्र तयारी तथा प्रकाशन र अद्याबधीक भएको हुनेछ । | १०० |
| ४३ | प्रारम्भिक बाल बिकास केन्द्रले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् । | १०० |
| ४४ | बिद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र बिपद् ब्यवस्थापन संवन्धि अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५ | आधारभुत शिक्षा पश्चात बिद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (ब्यावशायीक तथा सीपूलकतालिम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७ | बिद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बलमैत्री र अपाँगमैत्री हुनेछन् । | १०० |
| ४८ | स्थानीय तहको प्रशासनीक कार्यालयमा स्तनपान | १०० |

| | | |
|---|---|---|
| | कक्षको व्यवस्था भएको हुनेछ । | |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५० | स्थानीय तहको बिपद् व्यवस्थापन योजनामा बिपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समाबेश भएको हुनेछ । | १०० |
| ५१ | बिपद्को समयमा बालबालिका तथा अपाँगता भएका ब्यक्तिहरुको बिशेष सहयोगका लागि संस्थागत ब्यवस्था भएको हुनेछ । | १०० |

## अनुसूची - ३

## वाल अधिकार स्थापनाका लागी गरिने क्रियाकलापहरु

## दफा १४ को २.२ सँग सम्वन्धित

१) समग्र बाल अधिकारको प्रवर्द्धनका लागी उपायहरु

१.१) बाल अधिारका लागी उत्तरदायित्व बहन कर्ता अभिभावक, परिवार, स्रस्था र निकायहरुको चेतना अभिवृद्धि गर्ने ।

- बाल अधिकार तथा बालबालिकाका प्रति उनीहरुका जिम्मेजवारीबारे ,।
- बालबालिका स्रग गर्नुपर्ने व्यवहार तथा पुऱ्याउनुपर्ने सहयोग एवं त्यसका लागी परिवर्तन गरिनुपर्ने ज्ञान, सीप तथा धारणा वारे ।
- स्थानिय तहमा विद्यमान बालसंरक्षणका जोखिम, तिनका कारक र त्यसबाट बालबालिकालाई जोगाउन अपनाउनुपर्ने सावधानी बारे ।
- बालबालिकामाथि हुने वा हुन सक्ने भेदभावबारे बालबालिका, अभिभावक, समुदायका व्यक्ति, संस्था तथा निकायहरुमा जनचेतना जोगाउने ।

- उमेर एवं विकासको चरण अनुरुप बालबालिकाको शारिरिक, मानसिक, संव.गात्मक विकासवारे बुबाआमा तथा अभिभावकमा सचेतना जगाउने ।
- आफ्नो अधिकारको उपभोग गर्दा निर्वाह गर्नुपर्ने दायित्व एवं अरुको अधिकारको सम्मान गर्ने बारे बालबालिकामा सचेतना बढाउने ।

१.२ गाउपालिकामा बालबालिका सम्वन्धी तथ्याङ्क सकंलन, अद्यावधिक गर्ने तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने, गराउने

- बालबालिकाको स्थितिबारे सूचकहरुका आधारमा विस्तृत एवं वर्गीकृत तथ्याङ्क सकंलन प्रतिवेदन तयार र अद्यावधिक गर्ने(वार्षिक रुपमा)
- बालबालिका सम्वन्धी आवधिक तथा दीर्घकालिन रणनीतिक कार्ययोजना बनाउने र त्यसको कार्यन्वयन गर्ने गराउने ।
- जिल्ला, प्रदेश तथा राष्ट्रिय तहमा बालबालिकाको अवस्था सम्वन्धी सूचना जानकारी एवं तथ्याङ्क पठाउने ।
- 

१.३ गाउँपालिकामा बालबालिकाको अधिकार परिपुर्ति गर्न समन्वय तथा सहकार्य गर्ने गराउने ।

- वडास्तरका योजना र कार्यक्रमहरुमा बालबालिका सम्वन्धी विषय समावेश गर्न वडा समिति, संस्था तथा सेवा प्रदायकहरुबीच समन्वय गर्ने गराउने ।

१.४ गाउँपालिकामा बालबालिका सम्वन्धी नीति तथा कार्यक्रम बनाउने र बजेट विनियोजन गर्ने

- घरपरिवार, विद्यालय, समुदायका संरचना तथा गाउँपालिकालाई बालमैत्री बनाउन चरणवद्ध योजना तर्जुमा गरी बजेट विनियोजन सहित कार्यान्वयन गर्ने ।
- सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गराउन आवश्यक नीति तथा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने ।

२. बालसहभाागिता प्रवर्द्धनका लागि उपायहरु

२.१ गाउँपालिका तहका औपचारिक संरचना एवं प्रक्रियाहरुमा सहभागिता सुनिश्चित गर्ने गराउने

- गाउँपालिका तहमा गठन हुने बालबालिका संग प्रत्यक्ष सरोकार राख्ने सवै समितिहरु(बालसंरक्षण समिति, शिक्षा समिति, मानव बेचविखन तथा ओसारपसार विरुद्धको समिति आदी) मा बालबालिकाको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने ।
- स्थानीय तहमा बालबालिका सम्वन्धी नीति, रणनीति, आवधिक कार्ययोजना वा बार्षिक योजना बनाउँदा बालबालिकाका प्रतिनिधिलाई सहभागिता गराउने र उनीहरुको विचार तथा अवधारणालाई उचित कदर गर्ने ।
- गाउँपालिकामा बालबालिकाको सहभागितामा तिनका सवाललाई पहिचान गरी त्यसको सम्वोधन गर्न ठोस एवं नतिजामुखी कार्यक्रम तय गरि बजेट विनियोजन गर्ने ।

२.२ गाउँपालिकामा समुदाय तथा विद्यालयमा आधारित बालक्लव गठन तथा संचालन गर्ने गराउने

- बाल समुह गठनका लागी सूचना भेलाको आयोजना अभिमुखीकरण गर्ने गराउने
- विद्यालय तथा समुदायमा आधारित बालक्लवका प्रतिनिधिहरुसंगको सहकार्यमा बालक्लवका लागी उपयुक्त कार्यक्रमहरु तर्जुमा गर्न सघाउने ।
- बालक्लबका लागी स्थानीय तहबाट कार्यक्रम विनियोजन गर्ने ।
- गाउँपालिका तहमा सामाजिक परिचालक क्रियाशिल भएको खण्डमा निजलाई बालक्लव वा बालबालिकाले नेतृत्व गरेको संस्थाको सहजीकरण गर्न विशेष जिम्मेवारी प्रदान गर्ने गराउने ।

- विद्यालयमा आधारित बालक्लवको नियमित सहजिकरणका लागी विद्यालयका शिक्षकमध्ये वाट केन्द्रविन्दु शिक्षकको नियुक्ती गर्ने व्यावस्था मिलाउने तथा समुदायमा आधारित वालक्लवको सहजीकरणको लागी सहजकर्ताको व्यवस्थ ागर्ने गराउने ।
- बालक्लवको सहजिकरण गर्ने जिम्मेवारी लिएका शिक्षक तथा सहजकर्ताको बालक्लव सहजिकरण तथा व्यवस्थापन सम्वन्धमा क्षमता अभिवृद्धि गर्ने गराउने।

२.३ गाउँपालिकामा गठन तथा सञ्चालनमा आएका बालक्लबको अभिलेखिकरण तथा अद्यावधिक गर्ने

- वडा तथा विद्यालय स्तरमा गठन भएका बालक्लबकको गाउँपालिका तहमा आवद्धता तथा सूचीकरणका लागी आवश्यक प्रक्रिया तथा फारमको तयारी गर्ने ।
- विद्यालय तथा वडा तहमा आधारित बालक्लवलाई स्थानीय तहमा आबद्ध तथा सूचिकरण गर्ने ।
- गाउँपालिकामा आवद्ध सूचीकृत गरिएका बालक्लबको अभिलेख राख्ने र तिनको आवधिक अद्यावधिकरण गर्ने ।
- आवधिक रुपमा अद्यावधिक गरिएको बालक्लव सम्वन्धी तथ्याङ्क तथा सूचना जानकारी सम्वन्धित मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिमा पठाउने ।

२.४ बालक्लबको क्रियाकलापमा सघाउने

- गाउँपालिका तहमा बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थाको गठन गर्न सहजीकरण गर्ने गराउने ।
- बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थाहरुलाई बालअधिकार तथा बालसंरक्षण सम्वन्धी कार्यक्रम संचालन गर्न गाउँपालिका तहको वार्षिक बजेटमा कार्यक्रम तथा स्रोत विनियोजन गर्ने तथा -गदी उपलब्ध

भएमा) बालक्लबको नियमित बैठक तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागी स्थान उपलब्ध गराउने ।

- बालवालिका बीच तथा बालक्लबहरु बीच विद्यालय, वडा तथा गाउँपालिका स्तरमा रचनात्मक प्रतिस्पर्धा एवं प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्ने ।
- बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थालाई आवश्यक सहयोगको लागी बालबालिकाको क्षेत्रमा क्रियाशिल निकाय तथा संस्थाहरुसंग समन्वय गर्ने गराउने
- गाउँपालिका क्षेत्रमा बालक्लब तथा निनको सञ्जालको गठन, कार्य सञ्चालन तथा सूचीकरण लगायत बाल सहभागिता प्रवर्द्धन गर्न निर्देशिका तयार गरी लागु गर्ने ।

२.५ गाउँपालिकाको वार्षिक योजना निर्माणमा बाल सहभागिता

- गाउँपालिकाको सवै प्रकारका निर्णय प्रक्रिया र योजना प्रक्रियामा बालबालिकाको अभिमत तथा विचारलाई स्थान दिने
- गाउँपालिकाको आवधिक योजना तयार गर्दा बालबालिका, बालक्लब तथा तिनका सञ्जाललाई आ आफनो वडाको वस्तुगत विवरण र स्रोत नक्सा तयार गर्न सहभागी गराउने
- गाउँपालिकाले आवधिक योजना तयारी गर्दा बालक्लब तथा तिनका सञ्जाललाई पनि सान्दर्भिक विषयमा आयोजना प्रस्ताव पेश गर्न अवसर दिने

२.६ विद्यालयमा व्यवस्थापन तथा शिक्षण सिकाई प्रक्रियामा बाल सहभागिता बढाउने

- विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित सदस्यका रुपमा विद्यार्थीहरुको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानिय तहमा नै नीतिगत निर्णय गर्ने ।

- विद्यार्थीसंग प्रत्यक्ष सरोकार राख्ने विषयमा हुने जिद्यालय व्यवस्थापन समितिको बैठकमा कक्षगत रुपमा विद्यार्थी प्रतिनिधि संलग्न गराई, उनीहरुको विचारलाई सम्मान गर्दै निर्णय गर्ने प्रक्रिया प्रवर्द्धन गराउन नीतिगत निर्णय गर्ने ।
- सवै विद्यालयमा बाल संरक्षण नीतिको तर्जुमा गरी कार्यान्वयन गर्न नीतिगत व्यवस्थ ागर्ने र त्यस्तो नीति तर्जुमा गर्दा बालबालिकालाई समेत सहभागी गराउन लगाउने ।
- विद्यालयको शिक्षण सिकाई प्रक्रिया भय रहित बनाउन विद्यार्थी प्रतिनिधि समेतलाई सहभागी गराई नीति तर्जुम ागर्ने तथा सोको कार्यान्वयन गर्ने गराउने ।
- बालबालिकाको नेतृत्व तथा शिक्षक एवं विद्यालयको सहयोगमा सह शैक्षिक(अतिरिक्त) क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

२.७ घरपरिवारको मामिलामा बालसहभागिता बढाउने

- अभिभावकहरुसंग बालसहभागिता बारे अन्तरक्रिया गर्ने गराउने ।
- अभिभावकहरुले आफना अभिभावकीय अनुभवहरु आदानप्रदान गर्न तथा सकारात्मक अभिभावकत्वको प्रवर्द्धन गर्न निरन्तर अन्रक्रिया गर्न साझा मञ्चको व्यवस्था गर्ने गराउने ।
- बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने विषयमा घरपरिवारको निर्णय प्रक्रियामा उनीहरुको सहभागिता बढाउन अभिभावकहरुलाई सचेतीकरण क्रियाकलाप सञ्चालन गर्ने गराउने ।

२.८ बालसहभागिताबारे सचेतना बढाउने

- परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बाल सहभागिताको महत्वबारे अवधारणा गत स्पष्टताका लागी आवश्यक अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने ।

# अनुसूची - ४

## बालबालिकाका समस्या तथा सवाल र समाधानका लागि प्रस्तावित क्रियाकलापहरु

| बालबालिकाका सवालहरु | सम्भावित क्रियाकलापहरु |
|---|---|
| (१) बालविवाह | • कानूनी शिक्षा सहित अभिमूखीकरण<br>• व्यापक सन्देश प्रवाह<br>• धर्मगुरु, शिक्षक, चिकित्सक र सुरक्षाकर्मी तथा ज्योतिष परिचालन<br>• प्रहरीमा मिलाउने प्रवृत्ति अन्त्य गर्ने<br>• बाल विवाह गर्ने व्यक्ति  र अभिभावकलाई सामाजीक मूल्याङ्कन गर्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा किशोर किशोरी लक्षित नियमित अनु शिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयबस्तुको समायोवजन गरी शिक्षण सिकाइ गर्ने<br>• आफ्नो भविष्यको लक्ष्य, उद्देश्य निर्धारण सम्बन्धी शैक्षिक क्रियाकलाप गर्ने<br>• सामाजिक सञ्जालको सहि प्रयोग सम्बन्धी शिक्षा दिने<br>• यस विषयबस्तु सार्वजनिक सुनुवाई, |

| | |
|---|---|
| | सम्भात, अन्तरक्रिया कार्यक्रय संचालन गर्ने |
| (२) बालश्रम | ● बालश्रमको अवस्था अनुगमन<br>● सम्बन्धित निकायमा कार्यावाहीका लागि उजुरी गर्ने<br>● विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>● स्थानीय पाठ्उयक्रममा विषयवस्तुको समायोजन गरी शिक्षण सिकाई गर्ने<br>● बालश्रम सम्बन्धि कानूनी शिक्षा<br>● सामाजिक तथा कानूनी दबाब<br>● सञ्चार माध्यमको प्रयोग<br>● जनचेताना अभिवृद्धि<br>● अभाभवक शिक्षाका साथै जिविकोपार्जन सम्बन्धि कार्यक्रम |
| (३) गर्वपतन | ● स्थानीय पाठ्क्रममा विषयबस्तु समायोजन गरी शिक्षण सिकाई गर्ने<br>● कानूनी शिक्षाः छोरा र छोरी बीच भेदभावको कानूनीकरण<br>● सम्बन्धित निकायमा कार्यावाहीका लागि उजुरी हाल्ने<br>● अनिश्चित गर्व रोक्न परिवार नियोजन कार्यक्रम |
| (४) HIV ADIS प्रभावित बालबालिका | ● सचेतना कार्यक्रम र स्वास्थ्यकर्मी मार्फत प्रचारप्रसार<br>● विद्यालयमा नियमित अनुशिक्षा<br>● स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण गर्ने<br>● कानूनी शिक्षा<br>● निशुल्क उपचार व्यवस्था<br>● विभिन्न क्याम्पस संचालन : सामाजिक घृणा न्यूनीकरण |

| | |
|---|---|
| (५) बालबालिका परित्याग गर्ने | • सचेतना र प्रचार प्रसार<br>• स्थानीय तह र अधिकारका लागि सञ्जालहरु माफस्त सामाजिक सुरक्षा अभियान संचालन<br>• बालबालिका परित्यागको अवस्थाको अनुगमन<br>• सक्षम निकायमा कार्यावाहीका लागि उजुरी हाल्ने र कानूनी कार्यावाही अभियान थाल्ने<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रमा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने<br>• सामाजिक तथा कानूनी दबाब |
| (६) बालयौन दुर्व्यवहार | • कानूनी शिक्षा<br>• सञ्चार माध्यमको परिचालन<br>• मोबाइल म्यासेज<br>• कानूनी कार्वाहीका लागि उजुरी हाल्ने<br>• विद्यायल र समुदायमा आचारसंहित निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने<br>• उजुरी पेटीको स्थापना गर्ने<br>• जनचेतनामूलक क्रियाकलाप संचालन |
| (७) बालभेदभाव | • सचेतना कार्यक्रम र प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण विद्यालय र समुदायमा आचारसंहिताको निर्माण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको |

| | |
|---|---|
| | समायोजन गरि शिक्षण सिकाई गर्ने<br>● कानूनी शिक्षा |
| (८) खोप | ● खोपकेन्द्रको निर्माण गर्ने<br>● खोपका बारेमा व्यापक प्रचार प्रसार गर्ने<br>● विद्यालय भर्नामा खोप प्रमाण पत्र अनिर्वाय गर्ने<br>● जोखिममा रहेका बालबालिकाहरुलाई खोपकेन्द्रमा ल्याउने |
| (९) कुपोषण | ● खानेपानी सम्बन्धि सचेतना कार्यक्रमा प्रचारप्रसार<br>● जोखिममा रहेका बालबालिकाको पहिचान<br>● सहयोगप्रणालीको ध्यानाकर्षण<br>● जिपीकोपार्जन कार्यक्रम संचालन<br>● पकवान (सहीतालिकाले) तालिम |
| (१०) अपाङ्गता ( शारिरिक र मानसिक) | ● सचेतना कार्यक्रम प्रचार प्रसार<br>● अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिको पहिचान<br>● सहयोगप्रणालीको ध्यानाकर्षण गर्ने<br>● विशेष समाहिक शिक्षा लागु गर्न्<br>● सहयोग सामग्री उपलब्ध गर्ने<br>● अपाङ्गतामैत्री वातावरण (घर, विद्यालय,बाटोघाटो) को निर्माण |
| (११) विद्यालय ड्रप आउट | ● राष्ट्रिय तहबाट नै निवार्य शिक्षा निती लागु गराउनु पैरवी<br>● सचेतना कार्यक्रममा प्रचारप्रसार : बालक्लब तथा सञ्जालको परिचालन<br>● ड्रप आउटका कारण सहित जोखिममा रहेका बालबालिकाको पहिचान गर्ने र आवश्यक्ता सम्भोदन गर्ने<br>● छात्रवीत्री कार्यक्रम |

| | |
|---|---|
| | • जिविकोपार्जन कार्यक्रम संचालन (गरिबीको कारण विद्यालय छोड्नेहरुका लागि ) |
| (१२) स्कुल बुलिङ | • आचारसंहिताको निर्माण तथा कार्यान्वयन<br>• शिक्षक र बालक्लबले नियमित निगरानी गर्ने<br>• विद्यालय अनुशिक्षण गर्ने<br>• मनोसमाजिक परामर्श सेवा संचालन<br>• बालविकास र यसको महत्व बारे समुदायमा अभिमुखिकरण |
| (१३) बालगृहमा सिफारिस गर्ने (अभिभावक हुँदा हुँदै पनि) | • आफन्तहरुको खोजी गर्ने पुन स्थापना गर्ने<br>• सचेतना कार्यक्रम र प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान गर्ने<br>• सहयोगी निकायको पहिचान र प्रमाणीकरण<br>• बालगृहमा राखी उचित शिक्षा दिक्षा दिने |
| (१४) ओसारपसार तथा बेचबिखन | • सचेतना कार्यक्रम प्रचारप्रसार<br>• जोखिम अवस्था बारे पूर्वसावधानी अपनाउनु<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान<br>• संस्थागतरुपम सूचना संकलन<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• कानूनी शिक्षा दिने |
| (१५) लागु पदार्थ दुर्व्यसनी | • लागु पदार्थमा लाग्ने जोखिम रहेका बालबालिकाको पहिचान<br>• सहयोग प्रणालीको ध्यानाकर्षण<br>• संस्थागत रुपमा सूचना संकलन<br>• लक्षित समुदायका लागि सचेतना कार्यक्रम परामर्श दिने<br>• कानूनी व्यवस्था र सजायको व्यवस्था |

| | |
|---|---|
| | • सचेतना कार्यक्रम : बेफाइदा र अवसरको जानकारी<br>• अतिरिक्त क्रियाकलपा संचालन<br>• सञ्चार माध्यमको उपयोग |
| (१६) जन्मदर्ता पहिचान | • सचेतना कार्यक्रम प्रचारप्रसार<br>• गाउँ/नगरपालिका र वडा देखि वस्ती/टोल स्तरसम्म अभियानको थालनीमा सहयोग<br>• विद्यालय र अन्य सेवा लिन जन्मदर्त अभियान गर्ने<br>• अनिर्वाय जन्मदर्ताको व्यवस्था |
| (१७) ईन्टरनेट सेवाको दुरुपयोग | • सचेतना कार्यक्रम प्रचारप्रसार<br>• कानूनी व्यवस्था गर्ने |
| (१८) बालन्याय (कानूनी विवादमा परेका बालबालिका) | • सचेतना कार्यक्रम र प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• विद्यालयमा नियमित अनुशिक्षण<br>• स्थानीय पाठ्यक्रममा विाषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने<br>• मनोसामाजिक परामर्श कार्यक्रम |
| (१९) आत्महत्या | • सचतेना कार्यक्रम प्रचाप्रसार<br>• मनोसामाजिक परामर्श<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान<br>• सयोगप्रणालीको ध्यानाकर्षण |
| (२०) विपतमा बालबालिका | • सचेतना कार्यक्रम प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• विपत व्यवस्थापन सम्बन्धि कोषको व्यवस्था |

| | |
|---|---|
| | • स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने<br>• बालक्लब तथा सञ्जालको परिचालन |
| (२१) बालबालिकाको दुरुपयोग<br>(लागु पदार्थको ओसारपसार ,सामान तस्करी, अपराधमा संलग्नता<br>राजनितिक कार्यक्रम संलग्नता, मानव साङलो) | • सचेतनाका लागि अभिमुखिकरण<br>• सञ्चार माध्यममा सन्देश प्रवाह<br>• जोखिममा रहेका बालबालिकाहरुको पहिचान गरि शिक्षण सिकाई गर्ने<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• कानूनी शिक्षा |
| (२२) डिप्रेसन | • सचेतना कार्यक्रम र प्रचारप्रसार<br>• मनोसामाजिक परामर्श<br>• यस्तो जोखिममा रहेका बालबालिको पहिचान |
| (२३) परम्परागत हानिकारक अभ्यासहरु<br>( बली, देउकी, छाउपडी, झुमा, दाइजो आदि) | • संचार माध्यमको परिचालन<br>• सचेतना कार्यक्रम र प्रचारप्रसार<br>• स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण |
| (२४) सडक बालबालिका | • सडक बालबालिको पहिचान तथा तत्कालिन आवश्यकता पहिचान<br>• पारिवारिक पुन स्थापना कार्यक्रम संचालन<br>• संचार माध्यम परिचालन<br>• जिवोकोपार्जन कार्यक्रमः गरिबी न्यूनीकरणका लागि |
| (२५) जवरजस्ती/प्रलोनमा धर्म परिवर्तन | • प्रचारप्रसारका लागि संचार माध्यम परिचालन<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• कानूनी शिक्षा<br>• कडा कानून निर्माणको लागि पैरवी |

| | |
|---|---|
| | ● विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>● स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने |
| (२६) सडक दुर्घटनामा बालबालिका | ● बालबालिकाको लागि नि:शुल्क उपचारको व्यवस्था<br>● संचार माध्यम पहिचान<br>● बालमैत्री सडक निर्माणको लागि पैरवी<br>● सडकको प्रयोग बारे विद्यालय र समुदायमा नियमित अभिमुखीकरण<br>● संचालकहरुलाई अभिमुखीकरण<br>● स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने |
| (२७) विद्यालयहरुमा छात्रामैत्री शौचालय | ● मौजुदा शौचालय सुधार : छात्र र छात्राको लागि छुट् छुट्टै शौचालयको व्यवस्था<br>● सहयोगप्रणाली र अनुदान वितरणमा छात्रामैत्री शौचालयको लागि वकालत तथा सहजीकरण<br>● योजना तर्जुमा बाल सहभागिताको शुनिश्चता |
| (२८) मास हिस्टेरीया | ● मनोसामाजिक परामर्श सेवा सहित सचेतना कार्यक्रम<br>● जोखिममा रहेका बालबालिकाको पहिचान<br>● समुदायलाई विषयबस्तु बारे अभिमुखीकरण |
| (२९) गरीबीमा बालबालिका | ● गरिब परिवारको पहिचान<br>● जिवीकोपार्जन कार्यक्रम संचालन<br>● सहयोगप्रणालीको ध्यानाकर्षण<br>● सिपमूलक तालिम |
| (३०) अव्यवस्थित बसाईसराई | ● स्थानीय स्तरमा कारण पत्ता लागाइ समाधानको लागि तहमा छलफल<br>● यस समस्याले बालबालिकामा पर्ने नकरात्मक असर समुदायलाई |

| | |
|---|---|
| | अभिमुखिकरण<br>● गाउँ तथा नगर योजनामा वस्ती संरचना परिवर्तन विकासको खण्ड राख्ने |
| (३१) बालसंवेदनशिल अभिभावक शिक्षा नहुनु | ● अभिभावक सँग नियमित अन्तरक्रिया<br>● सूचना तथा सन्देश प्रवाह<br>● सचेतना कार्यक्रम<br>● समुदायमा आचासंहिता निर्माण<br>● अभिभाव शिक्षा संचालन |
| (३२) व्यवसाय बालयौन शोषण | ● विद्यार्थि र अभिभावक सँग नियमित अन्तरक्रिया<br>● सूचना तथा सन्देश प्रवाह<br>● जोखिममा रहेका बालबालिकको पहिचान<br>● सहयोगप्रणालीको ध्यानाकर्षण<br>● निगरानीकेन्द्र स्थापना<br>● संचार माध्यम परिचालन<br>● विदालय तथा समुदायमा आचारसंहिता निर्माण<br>● स्थानीय पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण<br>● जिवीकोपार्जन कार्यक्रम संचालन<br>● कानूनी शिक्षा<br>● सचेतना कार्यक्रम : यसका विविध अवसर बारे |
| (३३) शारिरीक तथा मानसिक दण्डसजाय | ● शिक्षक र विद्यार्थिक बिच अन्तरक्रिया<br>● जोखिममा रहेका बालबालिका र अवसरको पहिचान<br>● विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>● स्थानीय पाठ्यक्रममा विषयबस्तुको समायोजन गरि शिक्षण<br>● सचेतना कार्यक्रम |

| | |
|---|---|
| | • सूचना तथा सन्देश प्रवाह<br>• कानूनी शिक्षा |
| (३४) बाल आवाज सुनुवाई | • स्थानीय तहका संरचना र बाल सञ्जाल क्रियाशिल बनाउने<br>• बाल सवाल सँग सम्बन्धित प्रत्येक निकाय सँग अर्थपूर्ण बालसहभागिताको सुनिश्चतता<br>• बालक्लब र सञ्जालको प्रभावकारी<br>• बालबालिकाको क्षमता अभिवृद्धि कार्यक्रम |
| (३५) अशिक्षा ( शिक्षाबाट वञ्चीत) | • समुदाय अन्तरक्रिया<br>• शिक्षाबाट वञ्चित बालबालिकाको पहिचान<br>• जिवीकोपार्जन कार्यक्रम संचालन<br>• शिक्षाको गुणस्तरमा वृद्धि |
| (३६) खाद्य असुरक्षा | • खाद्य गुणस्तर बारे सचेतना कार्यक्रम<br>• विद्यालयमा विषयवस्तु बारे पठनपाठन व्यवस्था<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• स्थान (समुदाय) उपयुक्त फलफुल तथा तरकारी खेती |
| (३७) सामाजिक असुरक्षा | • सचेतनाका लागि सूचना प्रवाह तथा प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• हिंसा नागरिक प्रणाली स्थापना गर्ने |
| (३८) जोखिमपूर्ण विद्यालय यात्रा ( तुइन, कुविण्डो, ट्युव, घिर्नी आदिको प्रयोग) | • जोखिममा रहेका बालबालिका र स्थानको पहिचान<br>• भौतिक निर्माण ( पुल , बाटो आदी)<br>• जोखिम रहित यात्रा बारे बालबालिका लाई अभिमुखिकरण |
| (३९) जादू , | • सचेतना कार्यक्रम प्रचारप्रसार |

| | |
|---|---|
| सर्कसमा बालबालिको प्रयोग | • जोखिममा रहेका बालबालिकाको पहिचान<br>• विद्यालय र समुदायमा आचारसंहिताको निर्माण<br>• स्थानी पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण<br>• नानूनी शिक्षा (साथै, कडा कानून निर्माणको लागि पैरवी) |
| (४०) बहुविवाह | • सामाजिक बहिस्कार अभियानको थालनी<br>• सामाजिक आचारसंहिताको निर्माण<br>• संचार माध्यम परिचालन<br>• महिला र बाल सञ्जाल परिचालन<br>• सूचना संकलन र कानूनी कार्वाही<br>• कानूनी शिक्षा |
| (४१) घरमुली बालबालिका ( अभाभवक नहुँदा घरमुली हु बाध्य) | • जोखिममा रहेकाको पहिचान र प्रचारप्रसार<br>• स्थानीय तहबाट जिवीकोपार्जनमा सहयोग<br>• सहयोगप्रणालीको ध्यानाकर्षण |
| (४२) पारिवारिक विग्रहका कारण बालबालिका जोखिममा | • अभिभावक शिक्षा<br>• जोखिममा रहेका बालबालिका तथा परिवारको पहिचान<br>• सहयोगप्रणालीको ध्यानाकर्षण<br>• जिवीकोपार्जनमा सहयोग |
| (४३) बालहिंसा | • चेतनाका लागि सन्देश प्रवाह र प्रचारप्रसार<br>• जोखिममा रहेका बालबालिकाको पहिचान<br>• विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>• स्थानी पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण<br>• मोवाइल कार्यक्रम (निरन्तर सन्देश प्रवाह)<br>• सम्बन्धित निकायमा उजुरी हाल्ने |
| (४४) जंक फुडको प्रयोग | • सचेतनाका लागि सन्देश प्रवाह र |

| | |
|---|---|
| | प्रचारप्रसार<br>● विद्यालय र समुदायमा आचारसंहिता निर्माण<br>● स्थानी पाठ्यक्रममा विषयवस्तुको समायोजन गरि शिक्षण सिकाई गर्ने |

प्रमाणिकरण मितिः २०७९/०९/०७

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत